"समृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी"

# विनियोजन ऐन, २०८३

## आर्थीक वर्षः २०८३।०८४

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कुश्मिसेरा, बाग्लुङ

### गण्डकी प्रदेश, नेपाल

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

**प्रस्तावना**: जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागी स्थानीय संचितकोष बाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनिय भएकाले, नेपालको संबिधानको धारा २२९ को उपधारा (२) बमोजिम जैमिनी नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम : जैमिनी नगरपालिकाको विनियोजन ऐन, २०८३ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३।०८४ को निमित्त संचितकोषबाट रकम खर्च गर्ने अधिकार**

(१) आर्थिक वर्ष २०८३।०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुची १ मा उल्लेखित चालु, खर्च, पूजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु **७६,८८,००,०००** (अक्षेरुपी छयत्तर करोड अठासी लाख मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम संचितकोष बाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन**

(१) यस ऐन द्वारा संचितकोष बाट रकम खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त जैमिनी नगरपालिकाको, नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशत नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी तथा पुँजीगत खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन्।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ।

**अनुसूचि १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संचित कोषबाट विनियोजित हुने रकम**

**आर्थिक वर्ष २०८३।०८४ को अनुमानित स्रोत तथा शिर्षकगत आय व्यय अनुमान**

| **क्र.सं.** | **शिर्षक आय तर्फ** | **रकम रु. (आय)** |
|---|---|---|
| १ | संघिय सरकार राजश्व बाँडफाड | ९,१७,०९,००० |
| २ | संघिय सरकार वित्तिय समानिकरण अनुदान | ११,१३,००,००० |
| ३ | संघिय सरकार शसर्त अनुदान (चालु तथा पूँजिगत) | ४२,५४,००,००० |
| ४ | संघिय सरकार समपुरक अनुदान | २,०३,००,००० |
| ५ | प्रदेश सरकार राजश्व बाँडफाड | १,०१,०९,००० |
| ६ | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | १,४३,२२,००० |
| ७ | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० |
| ८ | प्रदेश सरकार विशेष अनुदान | ४०,००,००० |
| ९ | सडक बोर्ड नेपाल | ६०,००,००० |
| १० | गत आ.व. को मौज्दात | ६,४१,१०,००० |
| ११ | आन्तरिक श्रोत राजश्व विभिन्न | १,५५,५०,००० |
| **जम्मा आय** | | **७६,८८,००,०००** |
| **क्र.सं.** | **शिर्षक व्यय तर्फ** | **रकम रु. व्यय** |
| १ | संघिय सरकार समपुरक अनुदान | २,०३,००,००० |
| २ | संघिय सरकार शसर्त अनुदान | ४२,५४,००,००० |
| ३ | प्रदेश सरकार विशेष अनुदान | ४०,००,००० |
| ४ | प्रदेश सरकार समपुरक अनुदान | ६०,००,००० |
| ५ | सडक बोर्ड नेपाल | ६०,००,००० |
| ६ | नगरपालिका समपुरक कोष | २,६३,००,००० |
| ७ | आर्थिक विकास क्षेत्र | १,०५,००,००० |
| ८ | समाजिक विकास क्षेत्र | १,१५,००,००० |
| ९ | पुर्वाधार विकास क्षेत्र | १,१०,००,००० |
| १० | सुशासन तथा संस्थागत विकास क्षेत्र | ४०,००,००० |
| ११ | वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ३०,००,००० |
| १२ | न्यायिक समिति सञ्चालन | १५,००,००० |
| १३ | प्रशासकीय भवन निर्माण | १,५०,००,००० |
| **क्र.सं.** | **शिर्षक व्यय तर्फ** | **रकम रु. व्यय** |

| | | |
|---|---|---|
| १४ | वडा नं. ९ को वडा कार्यालय निर्माण | ५०,००,००० |
| १५ | वडा नं. ९ को स्वास्थ्य चौकी भवन निर्माण | ५०,००,००० |
| १६ | लिड विद्यालय सञ्चालन तथा छात्रावास व्यवस्थापन | १५,००,००० |
| १७ | बालमैत्री स्थानीय शासन कार्यक्रम | २०,००,००० |
| १८ | नगरस्तरिय स्वास्थ्य उपचार कोष | ३०,००,००० |
| १९ | नगरस्तरिय विपद व्यवस्थापन कोष | १५,००,००० |
| २० | दिगो सडकहरु सवै वडा (१३ वटा) | १,३०,००,००० |
| २१ | घरबार विहिनका लागि आवास निर्माण कार्यक्रम | ३१,५०,००० |
| २२ | खरका छाना विस्थापन कार्यक्रम | ४,५०,००० |
| २३ | वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माण तथा व्यवस्थापन | २०,००,००० |
| २४ | वडा नं. ५ को स्वास्थ्य चौकी भवन निर्माण तथा व्यवस्थापन | १०,००,००० |
| २५ | सरकारी तथा गैसस कार्यक्रम साझेदारी (सडक बोर्ड नेपाल, सामि कार्यक्रम र शान्तिदिप क्याम्पस समेत) | ७०,००,००० |
| २६ | मानवसेवा आश्रम बाग्लुङको पुर्वाधार निर्माण (साझेदारी) | १०,००,००० |
| २७ | प्राविधिक धार शान्ति माध्यामिक विद्यालयमा AI Lab स्थापना सुरुवात | ५,००,००० |
| २८ | नवप्रवर्तन तथा अनुसन्धान कार्यक्रम | १०,००,००० |
| २९ | प्राथमिक स्वास्थ्य केन्द्र कुश्मिसेरा थाइराइड मेशिन खरिद | १०,००,००० |
| ३० | प्राथमिक स्वास्थ्य केन्द्र कुश्मिसेरा Dr X RAY Printer Machine खरिद | ५,००,००० |
| ३१ | जैमिनी संस्कृत मा.वि. पाठशाला सञ्चालन तथा व्यवस्थापन | ७,००,००० |
| ३२ | रोजगार प्रवर्धन कार्यक्रम तथा रिटर्नीको लागि रिभल्भिङ फन्ड | १५,००,००० |
| ३३ | फोहोरमैला व्यवस्थापन, ट्रस तथा अन्य निर्माण सुधार | १०,००,००० |
| ३४ | नगरपालिकाका विभिन्न पुर्वाधारको लागि जग्गा व्यवस्थापन | ७,००,००० |
| ३५ | नगरपालिकाको प्रशासकिय भवन क्षेत्र संरक्षण तथा व्यवस्थापन | ५,००,००० |
| ३६ | खेलकुद विकास समिति सञ्चालन, व्यवस्थापन, खेलकुद सहयोग (राष्ट्रपती रनिङ शिल्ड समेत) | ३५,००,००० |
| ३७ | नगरस्तरका मुख्य पुर्वाधारहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) | २,००,००० |
| ३८ | नगरभित्रका सम्पन्न झोलुङ्गेपुलहरुको संरक्षण र संवर्धन गर्ने कार्य | १,००,००० |
| ३९ | अन्य संस्थागत तथा व्यवस्थापकीय कार्य | २०,००,००० |
| ४० | नगरपालिका फर्निचर फिक्चर्स | १५,००,००० |
| ४१ | वडागत बजेट | ३,७५,००,००० |
| ४२ | नगरपालिकाको चालु तर्फ विभिन्न शिर्षकमा हुने खर्च | १२,६५,००,००० |
| **जम्मा व्यय** | | **७६,८८,००,०००** |